# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख २ गते ०९ साल

## भाग १

### रक्षामन्त्रालयको विज्ञप्ति

जग्गा भर्ना बाली खान्गीको प्रथा हटी तलबी भइसकेको भए तापनि कसैकसैको मनमा, वैशाख लागेपछि २००६ सालको पूरै खान्गी पाकछ भन्ने भ्रम परेको बुझिएको हुनाले सूचना गरिएको छ । बाली खान्गी खारेज भई तलबी भएको हुनाले सवाल सनदबमोजिम काम गरेसम्मको मात्र तलबै पाइनेछ ।

### सूचना

फाल्गुन २७ गतेको नेपाल गजेटको भाग ६ मा प्रकाशित सरकारी सूचनामा हाम्रो सेनाको तालीम र पुनःसंगठन सम्बन्धमा हाम्रो सरकार र हाम्रा सैनिक अफिसरहरूसग छलफल निमित्त भारतीय सेनाका केही अफिसरहरू यहाँ आउनुभएको थियो भन्ने कुरा उल्लेख गरिएको थियो । यी भारतीय अफिसरहरूले हाम्रा सैनिक अफिसरहरूसँग पूर्ण सहयोगको रूपमा हाम्रो समस्याको अध्ययन गर्नुभएको छ । हाम्रो सरकारले पनि उहाँहरूसँग छलफल गर्‍यो । यो छलफलको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

यी अफिसरहरुलाई पठाइदिएकामा नेपाल सरकार भारत सरकारप्रति कृतज्ञ छ।

यो छलफलको फलस्वरूप हाम्रो सरकारले आफ्नो सैनिक सम्मतिको आधारमा आफ्ना सेनाको तालीम र पुनःसंगठन गर्ने तुरुन्त कारवाई गर्नुपर्ने आवश्यकता महसूस गरेको छ। हाम्रो स्वतन्त्रता हामीलाई पवित्र छ। हाम्रो नवीन प्रजातन्त्रलाई बाह्य र आन्तरिक खतराबाट सुरक्षित राख्न हामीसँग सुशिक्षित र आधुनिक सेना हुनुपर्छ। तसर्थ छिमेकी भारतको यो उद्देश्य पूरा गर्न हामीसँग बढाएको हातलाई स्वागत गर्छौं।

सबै दृष्टिबाट विवेक विचार गरी आर्मी हेड क्वाटर्स र प्रधान सेनापतिको पूर्ण सहमत लिई हामीले २० जना अफिसरहरू र उहाँहरूको स्टाफसमेतको एउटा सैनिक–मण्डली भारतबाट निम्त्याउने अठोट गर्‍यौं। यो मण्डलीले लगभग १ वर्ष र सके त्योभन्दा पनि थोडो शिक्षा र पुनःसंगठनको योजना चालू गराउन हाम्रा सैनिक अफिसरहरूलाई सघाउनेछन्। यो सैनिक मण्डलीका अफिसरहरू र जवानहरूको तलबखर्च हाम्रो अनुरोधअनुसार भारत सरकारले नै कृपापूर्वक बेहोर्ने स्वीकार गरेको छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित